Regd.No.: 162590/073/074
People's Power Limited
Kamal Pokhari, Kathmandu,
Tel: 01-4437611

मिति:२०८१।०६।०९

**श्री नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर ।**

विषय: **जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस पिपुल्स पावर लिमिटेड (४.९६ मे.वा.) को मिति २०८१।०६।०८ गते बेलुका ५:१५ बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको कम्पनी संचालक पदमा कार्यरत रहनु भएको श्री श्री कृष्ण अर्यालज्युले आफ्नो व्यक्तिगत कारणले गर्दा सो पदबाट रही कार्य गर्न नसक्ने भनि दिनुभएको राजिनामा उपर छलफल भई मिति २०८१।०६।०९ गते देखि लागु गरी राजिनामा स्वीकृत गरिएको व्यहोरा जानकारी गर्दछु ।

भवदीय,

People's Power Limited, Kamal Pokhari, Kathmandu

टङ्कराज अर्याल
अध्यक्ष

**बोधार्थ:**
१. श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड सिंहदरबारप्लाजा काठमाडौं ।
२. श्री सिडिएस एण्ड क्लियरि लिमिटुड, पुतलीसडक, काडमाडौं ।

मिति : २०८१/०६/०५

श्रीमान् संस्थापक अध्यक्ष ज्यू
पिपुल्स पावर लिमिटेड,
वालुवाटार , काठमाडौं

विषय : राजिनामा सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो आफ्नो व्यक्तिगत समस्याको कारणले म पिपुल्स पावर लिमिटेडको संचालक पदमा रहि निरन्तर कार्य गर्न असमर्थ भएको हुँदा आजको मितिबाट नै मेरो संचालक पद खाली गराई मरो राजिनामा स्विकृत गरी पाऊँ । संचालक पद भन्दा बाहिरबाट पनि म पूर्ण रुपमा कम्पनीका हरेक काम कारवाहीहरुमा साथ सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछु ।

निवेदक

..............................

श्री कृष्ण अर्याल
कम्पनी संचालक
पिपुल्स पावर लिमिटेड

# पिपुल्स पावर लिमिटेड
## पुवा २ जलविद्युत आयोजना (४.९६ मेगावाट)

| | |
|---|---|
| **मिति २०८१।०६।०८ गते मंगलबार** | **समयः बेलुकाः ५:१५ बजे** |

यस **पिपुल्स पावर लिमिटेड कम्पनी**को सञ्चालक समितिको बैठक समितिका अध्यक्ष श्री टङ्कराज अर्यालज्यूको अध्यक्षतामा कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-२ काठमाण्डौँमा बसी बिभिन्न प्रस्तावहरु उपर छलफल गरी तपशिलमा उल्लेखित विषयहरुमा निर्णय गरियो ।

**उपस्थितिहरु**

| | | | |
|---|---|---|---|
| १. | श्री टङ्कराज अर्याल | - | अध्यक्ष |
| २. | श्री आरती अधिकारी | - | सञ्चालक |
| ३. | श्री रामकाजी श्रेष्ठ | - | सञ्चालक |
| ४. | श्री उपेन पराजुली | - | सञ्चालक |
| ५ | श्री उद्धव भट्ट | - | सञ्चालक |
| ६. | श्री निर्वाण शर्मा | - | स्वतन्त्र सञ्चालक |

**आमन्त्रित सदस्यः**

| | | | |
|---|---|---|---|
| १. | श्री भरत बहादुर खत्री | - | पूर्व अध्यक्ष |

**प्रस्तावहरु**

१. यस कम्पनीका संचालक श्री श्रीकृष्ण अर्यालज्यूको राजिनामा स्विकृत सम्बन्धमा ।
२. विजय दशमी २०८१ सालको शुभकामना आदान प्रदान समन्धमा ।
३. विविध ।

## निर्णयहरु

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा कम्पनी संचालक श्री श्रीकृष्ण अर्यालज्यूले आफ्नो व्यक्तिगत कारणले गर्दा कम्पनीको संचालक पदमा रही कार्य गर्न असमर्थ रहेको भनि मिति २०८१/०६/०२ गते दिनु भएको राजिनामा स्वीकृत गरियो । साथै, उहाँले कम्पनीको संचालक पदमा रही कम्पनीलाई पुऱ्याउनु भएको योगदानको कदर गर्दै हार्दिक धन्यवाद ज्ञापन गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा २०८१ सालको विजया दशमीको उपलक्ष्यमा सम्पूर्ण संचालक समितिका सदस्यहरु तथा कर्मचारीहरु बीच शुभकामना आदान प्रदान गरियो ।

३. विविध, प्रस्ताव उपर छलफल गर्दा छलफलका अन्य विषयहरु नभएकोले अध्यक्षज्यूबाट बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै बैठक समापन गर्नुभयो ।

People's Power Limited
Kamal Pokhari, Kathmandu